# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/०६

### सातौं अधिवेशन

### (दोश्रो बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको दोश्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय अम्बी कुमारी थापा** :- यही फाल्गुन ४ गते डिलासैनीमा नेपाली कांग्रेसको कार्यक्रममा के.पि. ओली निकट ने.क.पा.का कार्यकर्ताहरुले सांघातिक आक्रमण गरेका छन् । उक्त घटनामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य द्वय एनपि साउँद, डिला संग्रौला, बैतडी जिल्ला सभापति नरेन्द्रजंग थापा, ने.वि.संघ पूर्व केन्द्रीय अध्यक्ष नैन सिंह महर लगायत नेपाली कांग्रेसका नेता कार्यकर्ताहरु घाइते हुनु भएको छ । घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । माननीय सभामुखज्यू कुनै पनि दलले स्वतन्त्र पूर्वक आफ्नो कार्यक्रम गर्न पाउँने अधिकार हाम्रो संविधानमा व्यवस्था छ । त्यसैले सत्ता उन्मुख रहेका के.पि. चरित्र तथा असंवैधानिक कदमका मर्यादित अमर्यादित ढंगले गरिएका यो घटनाको म घोर विरोध गर्न चाहान्छु र त्यसमा सवारी साधनहरु तोडफोड भएका छन् । तोडफोड भएका सवारी साधनको राज्यले तोडफोडको क्षति बेहोर्नु पर्छ र त्यसको क्षतिपूर्तिको माग गर्दछु । घटनाका दोषिलाई तत्काल कारवाही गरि प्रचलित कानून बमोजिम कारवाही गर्न माग गर्दछु धन्यवाद नमस्कार ।

**माननीय सदस्यहरु,**

आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट समसामयिक विषयहरुमा बोल्नका लागी बिशेष समय माग भई आएकोले आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १९९ को उपनियम (१) बमोजिम समसामयिक विषयहरुमा सभालाई जानकारी गराउन अनुमति प्रदान गर्दछु ।

माननीय सभामुख महोदय, विगत केही दिन यता हाम्रो प्रदेश असान्त छ बलात्कार र हत्याका जघन्य अपराधनहरु घटीरहेका छन् यसै पनि हाम्रो प्रदेशमा यो बर्षमा धेरै ठुला प्राकृतिक विपदहरु आइलागे बाढी पहिरो देखि लिएर डुबान कटान देखि लिएर थुप्रै खालका प्राकृतिक संकटहरु हाम्रो प्रदेशले सामना गर्नु पर्यो प्राकृतिक मानवीय संकटहरु मानव निर्मित संकटहरु महाविपत्तीहरु महामारीहरु कोभिड-१९ जस्तो महामारीको सामना पनि हाम्रो प्रदेशले गर्नु पर्यो यस्ता खालका प्राकृतिक र मानवीय विपत्तीहरु संकटहरु हामीले सामना गरिरहेकै बेलामा फेरी बझाङमा बैतडीमा हाम्रा चेलीहरुको बलात्कार हुने र

हत्या हुने जस्ता दुखद घटनाहरु हाम्रो प्रदेशमा भैरहेका छन् केही दिन अगाडी दोगडाकेदार गाउँपालिका ७ चडेपानीकी १७ बर्षिया भागरथी भट्टको बलात्कार र हत्या भएको छ । माननीय सभामुख महोदय प्रदेश प्रहरी प्रमुख डिआजी स्वंय त्यो अपराधमा संलग्न अपराधीहरुको चाहि खोजविन गर्न हत्यामा संलग्न अपराधीहरुको छानविन गर्न र अनुसन्धानको प्रक्रियालाई अगाडी बढाउन स्वंय प्रदेश प्रहरी प्रमुख घटनास्थलमा पुगेर केन्द्रको सिआइभि टोली समेत परिचालित भएर विभिन्न प्राविधिक टीमहरु परिचालन गरेर हत्यामा संलग्न अपराधीहरुलाई कानूनको कटघरामा ल्याउने र दोषि उपर कडा भन्दा कडा कारवाही गर्ने, पिडीतलाई न्याय दिने काममा हाम्रा सुरक्षा निकायहरु खास गरेर अनुसन्धानमा खटीएका सुरक्षाकर्मीहरु त्यहाको स्थानीय प्रशासन लगायतका चाहि विविध ठाउँहरुबाट यो घटनामा संलग्न अपराधीहरुलाई चाहि कानूनको कटघरामा ल्याउनु पर्छ भनेर आवाजहरु प्रदेशभरी उठे देशैभरी आवाजहरु उठे र हामीले पनि घटनामा संलग्न अपराधीहरुलाई कारवाही गर्नु पर्छ । कानूनको शासन छ भन्ने कुराको प्रत्याभूति दिलाउन सक्नु पर्छ भन्ने एउटा जिम्मेवारी वोधका साथमा निरन्तर अनुसन्धानमा खटीएका अनुसन्धान अधिकारीहरुलाई हामीले समन्वय गर्यौ । अनुसन्धानमा खटीएका अनुसन्धान अधिकृतहरुलाई प्रोत्साहित गर्यौ । कुनै पनि मुल्यमा कुनै पनि हालतमा अपराधीहरुलाई कानूनको कटघरामा ल्याउनु पर्छ र पिडीतले न्याय पाउँनु पर्दछ भन्ने कुराको हामीले जोडदार आवाज उठायौ र यो अपराधमा संलग्न अभियुक्तलाई हिजो मात्र पक्राउ गरेर सार्वजिनिक गरिएको छ । जिल्ला प्रहरी कार्यालय वैतडीमा पत्रकार सम्मेलन गरेर अभियुक्तलाई सार्वजनिक गरिएको छ । १४ दिनको लगातार अनुसन्धान पछि स्वंय प्रदेश प्रहरी प्रमुख डिआजी उत्तमराज सुबेदीले अनुसन्धानको नेतृत्व गरेर अभियुक्तहरुलाई अनुसन्धानको दायरामा ल्याएर अभियुक्तको साविति बयानका आधारमा त्यहा प्रत्यक्ष दर्शीर अनुसन्धान टोलीको अनुसन्धानको आधारमा आरोपीलाई चाहि अनुसन्धान टोलीले अभियुक्तहरुको नजिक पुग्न अनुसन्धान टोली सफल भएको छ र अन्य तथ्यहरुलाई अध्ययन गर्दै अभियुक्तलाई नियन्त्रणमा लिएर अनुसन्धान प्रक्रिया थप अगाडी बढेको छ । जिल्ला अदालत वैतडीबाट ५ दिनको अनुसन्धानको म्याद लिएर थप अनुसन्धान भैरहेको कुरा म सम्मानीत सदनमा अनुरोध गर्न चाहान्छु । यसरी हामीले यो बर्षमा ठुलठुला विपद्हरुको सामना गर्नु पर्यो । बाढी पहिरोबाट हाम्रा संरचनाहरु सडक, सिंचाई, खानेपानी, पुल पुलेसाहरु थुप्रै संरचनाहरु क्षतिग्रस्त हुन पुगे २ अर्ब १६ करोड ६४ लाख ८० हजार बराबरको रकम पुननिर्माणका लागि आवश्यक पर्छ भनेर हामीले प्राविधिकहरुलाई फिल्ड स्टडी गराएर स्टीमेट गरेर यति बजेट आवश्यक पर्छ पुनर्निर्माणको निम्ती भनेर हामीले त्यो कुरालाई अगाडी सारेका छौ । प्रदेशको जुन अहिले चालु बजेट भित्रको कार्यक्रम मुख्यमन्त्री बस्ती विकास भित्रको कार्यक्रम जनता आवास कार्यक्रमलाई प्राइयोरिटी दिएर विपद् प्रभावित क्षेत्रहरुमा पुन निर्माणका कामहरुलाई, बस्ती विकासका कामहरुलाई जनता आवास कार्यक्रमलाई हामीले लागु गर्ने काम गरिरहेका छौ र २ अर्ब १६ करोड ६४ लाख ८० हजार हाम्रा संरचनाहरुको पुननिर्माणका निम्ती संघीय सरकारलाई हामीले अनुरोध गरेका छौ त्यसै गरेर पशु चौपाया, बालीनाली आदीको क्षति भएको छ नोक्सानी भएको छ यसमा पनि ३५ करोड ३२ लाख ९१ हजार बराबरको रकमको हामीले संघीय सरकारलाई माग गरेका छौ । ठुलो विपद् आइरहदा संघीय सरकारले जसरी बाग्लुङलाई र सिन्धुपाल्चोकलाई क्षतिग्रस्त जिल्लाको रुपमा जसरी घोषणा गर्यो माननीय सभामुख महोदय हामीले पनि

प्रदेश सरकारको तर्फबाट चाहे भजनी होस चाहे बाजुरा होस चाहे अछाम बझाङ र दार्चुला होस हाम्रो प्रदेशमा ठुलो महा विपत्ती आएको छ विपद् आएको छ यसलाई सम्बोधन गर्नका निम्ती संघीय सरकारले विशेष कार्यक्रम अगाडी सारोस भन्ने हेतुले प्रदेश सरकारले जसरी संघीय सरकारले बाग्लुङ र सिन्धुपाल्चोक जिल्लालाई विपद् प्रभावित जिल्ला संकट जिल्लाको रुपमा घोषणा गर्यो हाम्रो प्रदेशबाट पनि भजनीलाई र बाजुरा र अछाम जिल्लालाई विपद् ग्रस्त स्थान र विपद् ग्रस्त जिल्लाको रुपमा संघीय सरकारले घोषणा गरेर विशेष कार्यक्रम लागु गरोस भन्ने कुरामा प्रदेश सरकारले समयमै निर्णय गरेर अनुरोध गरेको कुरा म निबेदन गर्न चाहान्छु तर अहिले संघीय सरकारबाट यस कुराको कुनै रेस्पोन्स अहिले सम्म हामीलाई प्राप्त भएको छैन । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष भनेर हामीले २०७६ मा लगभग ४४ करोड २८ लाख ३१ हजार ९ सय ४६ रुपैया बराबरको कोष खडा गरेर यसबाट विभिन्न कामका निम्ती चाहे स्थानीय तहलाई राहत वितरण गर्न होस चाहे आइसोलेसन र क्वारेन्टाइन निर्माण गर्ने कुरामा होस चाहे स्वास्थ्य सामाग्री खरिद गर्ने कुरामा होस चाहे सुरक्षा निकाय र चाहि हाम्रा स्वास्थ्यकर्मीहरुको परिचालनमा होस यी थुप्रै काममा खर्च हुने गरेर ४२ करोड ८८ लाख ३४ हजार ५ सय ५० रुपैया बराबरको रकम खर्च भैसकेको छ भने हाल उक्त कोषमा १ करोड ३९ लाख ९७ हजार ३ सय ९६ रुपैया बाँकी रहेको छ बचत रहेको छ त्यसै गरेर भर्खरै सामाजिक विकास मन्त्रालयलाई कोरोना कोषबाट रु.२७ लाख ९० हजार निकासा गरिएको छ अक्सीजन प्लान्टको व्यवस्थाक लागि विभिन्न जिल्लामा त्यसै गरेर यो प्रहरी सहायक निरीक्षक गोविन्द वि.क. जो मृतक हुनुहुन्छ र प्रहरी जवान राम बहादुर साउँदको परिवारलाई जनही रु.२ लाख प्रदान गरेका छौ उक्त कोषबाट रु. २ करोड ५० लाख को प्रदेश विपद् कोषको हामीले स्थापना गरेका छौ उक्त कोषबाट ९ वटै जिल्लालाई जिल्ला प्रशासन कार्यालयको जिल्ला विपद् कोषमा जम्मा रु १ करोड ४२ लाख ५० हजार हामीले रकम निकासा गरेका छौ प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र पिओसीको निर्माण सम्पन्न भएको छ र छिट्टै यो संचालनमा आउने तयारीमा रहेको छ । प्रदेशको विपद् व्यवस्थापन योजनाको व्यवस्था भएको छ र प्रादेशिक गोदाम घर संचालनमा ल्याइएको छ माननीय सभामुख महोदय भर्खरै हामीले प्रदेशको मन्त्रिपरिषद्को बैठक गरेर जुन दुखद घटना हुन गयो भागरथी भट्ट र सम्झना वि.क.को उहाको आश्रीत परिवारलाई जनही ५/५ लाख प्रदेश सरकारको तर्फबाट राहत उपलब्ध गराएका छौ विगतमा पनि हामीले चाहे माया वि.क.को सन्दर्भमा होस चाहे निर्मला पन्तको सन्दर्भमा होस चाहे कल्पना विष्टको सन्दर्भमा होस चाहे सन्नी खुनाको सन्दर्भमा होस प्रदेश सरकार जनताको साथमा छ जनतालाई आपत विपद् पर्दा दुख आइपर्दा जनताको साथमा प्रदेश सरकार छ भन्ने कुराको हामीले एउटा जिम्मेवारी बोधको साथमा हामीले विगतमा पनि आश्रीत परिवारलाई पनि सहयोग गरेकै कुरा हो माननीय सभामुख महोदय यसरी आज हामी प्रदेशमा पछिल्लो अवस्थामा आएर फेरी अशान्त हुने अपराधका घटनाहरु बढोत्तरी हुने र जनजीवन अशान्त हुने हाम्रो चाही प्रदेशमा यस खालका जघन्य अपराधहरु घटीरहेका छन् । हामी दुखित छौ र हामी लज्जीत पनि छौ सबैले यी घटना भइरहदा खेरी के सदन भित्र होस के सदन बाहीर होस प्रदेश सरकार कहा छ अपराधीहरुको अनुसन्धान र कारवाही गर्ने कुरामा प्रदेश सरकार कहा चुकिराखेको छ भन्ने कुरामा सम्मानीत सदनमा र चाहि संचार जगतमा विभिन्न सडकमा

पनि नारावाजी र आवाजहरु उठिरहेका छन् माननीय सभामुख महोदय तर एकातिर प्रश्न यो छ भने अर्को तर्फ बास्तविकता के छ भने चाहे शान्ति सुरक्षाको काम होस त्यो शान्ति सुरक्षाको काम भनेको प्रमुख जिल्ला अधिकारीको काम हो चाहे अनुसन्धान अपराधको काम भन्नु होस त्यो काम भनेको प्रहरीको काम होस अहिले सम्म पनि संविधानले अपराध अनुसन्धान गर्ने कुरा शान्ति सुरक्षा कायम गर्ने कुरा आज भन्दा पहिले नै यो प्रदेश सरकारको यो प्रदेशको क्षेत्राधिकार भित्र पर्छ भनेर किटानीका साथ अधिकार दिइसकेको सन्दर्भमा पनि आज अहिले सम्म पनि प्रदेश सरकार बनी सक्यो तर प्रदेशको अपराध अनुसन्धान गर्ने कुरा अनुसन्धानको प्रक्रियालाई अगाडी बढाउने कुरा, कारवाही गर्ने कुरा, छानविन टोली गठन गर्न सक्ने कुरा, बैधानीक ढंगले प्रदेश प्रहरी गठन गर्ने कुरा, प्रदेशको शान्ति सुरक्षा अमनचयन गर्ने कुरा प्रदेशको स्थानीय प्रशासन र यहाको प्रदेश प्रहरी प्रदेश सरकारको मातहतमा आउने कुरा अहिले सम्म पनि हुन सकेको छैन । यो पावर एण्ड ओभर हुने कुरा, शक्तिको हस्तान्तरण हुने कुरा, अधिकारको प्रत्यायोजन गर्ने कुरा अहिले सम्म पनि हुन सकिरहेको छैन । प्रहरीलाई प्रत्यक्ष निर्देशन दिने अवस्थामा प्रदेश सरकारलाई अथ्यौरिटी दिएको छैन अधिले सम्म पनि प्रहरीको संचालन र परिचालन, नियन्त्रण र अधिकार जस्ता कुराहरु यो सँग सम्बन्धीत अथ्युरिटी अहिले सम्म पनि संघले नै कमाण्ड गरिरहेको संघीय सरकारले नै कमाण्ड र कन्ट्रोल गरिरहेको स्थिति छ त्यसैले हामी एकातिर त भन्छौ हामीलाई लोकल अथ्यौरिटी चाहिएको छ हामीलाई स्वायत्तता चाहिएको छ, हामीलाई अधिकार चाहिएको छ यो संघीयता भनेको शक्तिको अभ्यास गर्ने कुरा, सत्ताको अभ्यास गर्ने कुरा भन्दा पनि शक्ति विकेन्द्रीत गर्ने अधिकारको विषय हो यो त्यसैले अहिले सम्म पनि हामी सत्ता केन्द्रीत राजनीति शक्ति केन्द्रीत राजनीतिमा नै हामी रुमलिराखेका छौ र संविधानमा उल्लेख भएको अधिकार जनतालाई अधिकार सम्पन्न गर्ने कुरा, प्रदेश सरकारलाई अधिकार सम्पन्न गर्ने कुरा संविधान मुताविकका कुराहरुको प्रत्यायोजन गर्ने कुरा पावर ह्याण्ड गर्ने कुरा अहिले सम्म पनि हुन सकेको छैन माननीय सभामुख महोदय संघीयताको हाम्रो यात्रा जीवन्त यात्रा थियो तर हाम्रो चिन्तन अझै पनि गडम्याटीक छ हामीले स्टकचरल चेन्ज होईन हामीले फङसनल चेन्ज चाहेका थियौ न त यहा स्टकचरल चेन्ज भयो न त फङसनल चेन्ज भयो । स्टकचरल चेन्जको अनुभुति हुन सकेको छैन र अहिले पनि एकातिर ल एण्ड अडर ठोसमेनको कुरा छ भने एकातिर सेल्फ रुलको कुरा छ भने एकातिर लोकल अथ्यूरिटीको कुरा छ अर्कोतर्फ सेन्ट्रल अथ्यूरिटी छ सेन्ट्रल कमाण्ड छ चाहे अपराध अनुसन्धान भन्नुहोस चाहे शान्ति सुरक्षा कायम गर्ने कुरा भन्नुहोस अहिले पनि सेन्ट्रल कमाण्ड छ सेन्ट्रल अथ्यौरिटी छ माननीय सभामुख महोदय त्यसैले हामीले हाम्रै नियन्त्रणमा हाम्रै परिचालनमा हामीले अपराधको अनुसन्धान गर्ने शान्ति सुरक्षा कायम गर्ने नजिकबाट जनतालाई नजिकको सरकारले सेवा दिने, सुरक्षा दिने जुन व्यवस्था संघीयताको व्यवस्था हो जुन मर्म र मान्यता हो त्यसलाई आत्मसाथ गरेर अगाडी बढ्ने ठोल फङसनल भएर कम्पिलिट इकोनोमि प्राप्त गरेर जनतालाई राहत दिने र सुरक्षा दिने विकास दिने जुन चाही धेयका साथमा प्रदेश सरकार स्थापना भएको थियो संविधानमा यी अधिकारहरुलाई प्रत्याभूत गरिएको थियो ती अझै पनि कार्यान्वयनको चरणमा प्राप्त हुन नसक्दा एकातिर जनताहरु मुख्यमन्त्री कार्यालयमा प्रदेशको आन्तरिक मामिला मन्त्रालयमा जुन मन्त्रालयलाई यहाँको स्थानीय प्रशासन र यहाको प्रदेशको प्रहरीको परिचालनको जिम्मेवारी छ त्यतातिर आवाजहरु मागहरु मुखरित हुन्छन भने अर्कोतिर बास्तविकता के छ भने न त

अनुसन्धानको टोली गठन गर्न सक्छौ न त हामीले अपराध नियन्त्रणका निम्ती प्रहरी परिचालन गर्न सक्छौ न त हामीले कमाण्ड गर्न सक्छौ अहिले पनि प्रहरी हाम्रो नियन्त्रणमा प्रदेश प्रहरी बनेर समायोजन भएर त्यस्ता कानूनहरु निर्माण गरेर अधिकारको डयुपलेसन भएर पावरको हेण्डओभर भएर प्रदेश अधिकार सम्पन्न भैसकेको स्थिति छैन त्यसैले पनि बास्तवमा शक्ति हस्तान्त्रणको कुरा माननीय सभामुख महोदय सबै भन्दा पिडादायी गफ जति गरेपनि भाषण जति गरे पनि शक्तिको हस्तान्त्रण गर्ने कुरा अधिकार दिने कुरा सबै भन्दा पीडादायी हुदोरहेछ भन्ने कुरा हाम्रो व्यवहारले अहिले सम्म संविधान बनेको यत्रो बर्ष भैसक्यो प्रदेश सरकार स्थापना भएको तीन बर्ष भैसक्यो हामी छिट्टै साहेद भोली नै प्रदेश सरकारको स्थापना काल देखि हाल सम्म गरेका उपलब्धीहरु के के भए के के रहे चुनौतिहरु कहा कहा रहे यी विषयमा ओभरहल प्रतिबेदन माननीय सदस्यज्यूहरुको एउटा कार्यक्रममा हामी सार्वजनिक गर्ने छौ त मेरो यहा निबेदन गराइको विषय के हो भने समस्या एकातिर छ अनि त्यसको समाधान अर्कोतिर खोजिन्छ समस्या यहाको भूगोलमा छ त्यसको अध्ययन र कमाण्ड माथिबाट हुन्छ संघीयता आएको त तीन बर्ष भैसक्यो सरकार बनेको तर सरकारको मुल शक्ति क्रक्स अफ द म्याटर भन्छ मुल कुरा शक्तिको चुरो कुरा प्रदेशको शान्ति सुरक्षा कायम गर्ने कुरा प्रदेशको अपराध अनुसन्धान गर्ने कुरा प्रदेश सरकारको मातहत प्रदेश प्रहरी हुने कुरा प्रदेशको स्थानीय प्रशासन हुने कुरा अहिले सम्म हुन सकिराख्या छैन त्यसैले हामीले चाहे संचार क्षेत्रमा, चाहे सम्मानीत सदनमा जहा पनि हामीले बोल्दा खेरी हामी समन्वय गरिराखेका छौ यी अपराधमा संलग्न अपराधीहरुलाई कानूनको कडघरामा ल्याउनका निम्ती समन्वय गरिरखेका छौ आग्रह गरिराखेका छौ भनिरहेका छौ हाम्रो समन्वयले हाम्रो आग्रहले र सम्बन्धीत संस्थाको पहल कदमीले हाम्रा सुरक्षा निकायका पहल कदमीले हामीले कैयौ अपराधमा अपराधीहरुलाई अनुसन्धान गर्ने कानूनको कटघरामा ल्याउने काममा हामीलाई सफलता पनि मिलेको छ थुप्रै त्यस्ता घटनाहरुमा पिडितका परिवारहरुलाई प्रदेश सरकारले राहत दिएको छ । प्रदेश सरकार साथमा छ भन्ने कुराको अनुभूति गराएको छ र अहिलेका केसमा पनि सम्झना वि.क. र भागरथी भट्टका यी अपराधमा संलग्न व्यक्तिहरुलाई कानूनको कटघरामा ल्याउने कुरा देखि लिएर पिडित परिवारलाई आश्रीत परिवारलाई प्रदेश सरकारले सहयोग गर्ने कुरामा प्रदेश सरकार साथमा रहेको छ यो कुरा निबेदन गर्दै यो कानूनी राज्य हो रुल अफ ल को युग हो र कानूनी राज्यमा सबै कुराहरु कानून प्रदत्त हुन्छन कानून सबैले पालना गर्नु पर्दछ र त्यो कानूनी राज्यको प्रत्याभूतिका निम्ती प्रदेश सरकार सधै क्रियाशिल छ यसमा चाहि चिन्तनमा छ र जनताको सेवामा छ भन्ने कुरा निबेदन गर्न चाहान्छु हवस धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"**माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयसुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि , १०७ को नियम २०७४ सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावलीको उपनियम १ बमोजिम विधेयक माथि सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

अब म **सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको"विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको " "विधेयक** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय हर्क बहादुर कुँवरलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, वीउ विजन सम्बन्धी विधेयक जुन प्रस्तुत भएको छ भर्खरै म सर्वप्रथम सम्बन्धीत मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । यो विधेयक वीउ विजन सम्बन्धी हाम्रो जस्तो देशमा अली बढी महत्वपूर्ण भूमिका खेल्छ यसले किन भन्दा खेरी हामी कृषि प्रदान देशका नागरिक र साथै हाम्रो सुदूरपश्चिम प्रदेश हामी कृषिमा नै आधारित भएकोले यो वीउ विजन सम्बन्धी यसले महत्वपूर्ण भूमिका खेल्ने निश्चित नै छ तै पनि यो अलि छिटै आउनु पर्थ्यो यो विधेयक हामी कृषिमा आधारित भएको प्रदेशको नागरिक यसको धेरै महत्व छ यो महत्व सम्बन्धी आगामी दिनमा यसलाई कसरी अगाडि बढाउने जनताका आधारभुत समस्यालाई कसरी न्यूनिकरण गर्ने र जनतालाई कसरी स्वाभिमानी बनाउन सकिन्छ यो कृषिको माध्यमबाट त्यसैले पनि यो वीउ विजन सम्बन्धी विधेयक अति महत्वपूर्ण

छ त्यसैले मैले धन्यवाद दिएको छु जे होस अब हामीले खेल्ने भूमिका यो वीउ विजन सम्बन्धी कृषकलाई हामीले समुदायमा कसरी यसलाई आधारभूत क्षेत्रमा वीउ विजनको व्यवस्थापन गर्न सकिन्छ समयमा हामीले ध्यान दिन जरुरी छ जब सम्म हामीले वीउ विजन समयमा हामीले किशानका समस्यालाई हामी जब सम्म बुझ्न सक्दैनौ तब सम्म खाली विधेयकका नाममा विधेयक मात्र भएर पार लाग्न सक्दैन समयमा यसलाई भण्डारण गर्ने यसलाई भण्डारण गरिसकेपछि वीउ विजनलाई कसरी यसलाई सुरक्षित राख्ने र जनताको बीचमा यसलाई कसरी लैजान सकिन्छ यो वीउ विजनको माध्यमबाट जनतालाई कृषिमा आधारित जनतालाई हामीले कृषिको माध्यमबाट स्वाभिमानी बनाउन सक्छ यसकै अर्को पाटोतिर जाने हो भने पनि यो यसले गर्दा रोजगारीको माध्यम पनि हुन जान्छ यो यस्तो चिज हो हामी कहा धेरै कृषक भएकोले पनि यसले समेट्ला र समेटीसकेपछि कार्यान्वयनको पाटो हामीले बलियो बनाउन जरुरी छ । हुन त यो म सभामुख मार्फत यो सम्मानीत गरिमामय सदनमा र यो विषयगत समितिमा पनि जावस यसले महत्वपूर्ण यसका बुदा बुदामा छलफल गरेर आत्मनिर्भरको बाटो पनि यसले समातोस भन्ने म यहा सदनको अगाडी सभामुख मार्फत म यो सुझाव दिन चाहान्छु । त्यसैले यो विधेयक अति महत्वपूर्ण छ यसलाई हरेक क्षेत्रबाट पनि हामीले सहयोग गर्नुपर्छ यो वा त्यो होइन हामीले किशानको चिजलाई किशानलाई कसरी महत्वपूर्ण दिन्छ आय आर्जनको पाटो यसमा जोडिएको छ हरेक क्षेत्रलाई हामी यसलाई समेटेर यो विधेयक छिटै पारित गरेर विषयगत समितिमा यसमा बुदागत छलफल गरेर अगाडी जावस भन्ने पनि म अनुरोध गर्न चाहान्छु सभामुख महोदय केही दिन अगाडी हाम्रो अछाम जिल्लाबाट निर्वाचित माननीय अक्कल बहादुर रावल एक्कासी विरामी भएर सेती अञ्चल सेती प्रादेशिक अस्पतालमा पनि भर्ना हुदा उपचार हुन नसकि प्राइभेट अस्पताल मायामेट्रोमा पनि भर्ना हुनु भो त्यहाबाट पनि रिफर भएर अहिले काठमाडौमा औषधी उपचार गरिरहनु भएको छ म उहाको सुस्वास्थ्यको कामना पनि गर्न चाहान्छु साथै यो विधेयकले छिटै नै पूर्णता पाएर अगाडी बढोस भन्ने कुरा राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाको सातौ अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु सर्वप्रथम र जसरी हाम्रो सुदूरपश्चिम प्रदेशमा सृङखलावद्ध महिलाको अथवा बालबालिकाको बलत्कार पछि हत्या प्रक्रियाका दोषिहरुलाई निर्मला पन्ती, कल्पना विष्ट, माया वि.क., सम्झना वि.क. र भागरथी भट्ट सम्मका सृङखलावद्ध घटनाहरु प्रति खेत व्यक्त गर्न चाहान्छु । दोषि माथि कडा भन्दा कडा कारवाही होस भन्ने पनि कामना गर्दछु । आज महत्वपूर्ण विषयमा छलफल भैरहेको छ जसले नेपालको ७५ प्रतिशत नागरिक कृषिमा आवद्ध छन् जुन देशमा किशान कृषि क्षेत्र कमजोर छ त्यो क्षेत्रको त्यो देशको अर्थतन्त्र पनि कमजोर हुन जान्छ हाम्रो देश हिमाल पहाड तराइ, जल जमिन जंगल सबैको समायोजन भएको मिलेको देश पनि हो त्यसै अन्तरगत हाम्रो प्रदेश पूर्ण रुपमा कृषिमा आधारित छ हाम्रो यहा किशान दाजुभाइले अझै पनि वीउ विजनकै कुरा गर्ने हो भने आफुले उत्पादन गर्दा एकदमै सस्तो मुल्यमा बजारीकरण हुन जान्छ । प्रशोधनको अझै व्यवस्था छैन जसरी कृषि क्षेत्र व्यवस्थित हुनु पर्ने हो कृषि प्रधान देशमा सबैले कृषि सँग क्रान्ति गर्नु पर्ने हो यसको सैद्धान्तिक रुपमा हामीले लेखेका

कुरा भए पनि व्यवहारिक रुपमा एकदमै खडेरी छ त्यसै कारणले यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो यो सँग सुदूरपश्चिम वासि र सम्पूर्ण समुदायको भाग्य र भविष्य जोडिएको छ । यो सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि व्यापक छलफल हुनु पर्छ दफावार छलफल हुनु पर्छ यसका विशेषज्ञ विज्ञहरुलाई पनि त्यो समितिमा बोलाइनु पर्दछ र यो समितिमा व्यापक छलफल सहित हामी सैद्धान्तिक रुपमा समृद्ध नेपाल बनाउनका लागि सुखी नेपाली बनाउनका लागि आर्थकि रुपमा प्रदेश सुदूरपश्चिम प्रदेश आत्मनिर्भर हुनका लागि किशान कृषिमा सधैका लागि निर्तर लागि रहनका लागि आत्म निर्भर हुनका लागि यो विधेयकलाई व्यवस्थित गर्न सैद्धान्तिक रुपमा विशाल बनाउन वृहत छलफल गर्न जरुरी छ एकदमै अपरिहार्य आवश्यक हो त्यसै कारण हाम्रो यो विधेयकलाई विषयगत समितिमा दफावार छलफलका लागि अगाडी बढाउन अनुरोध गर्न चाहान्छु र जुन विधेयक आएको छ यसलाई छिटो समयमै यसलाई सभाबाट पारित गरेर कायान्वयनको पक्षमा अगाडी बढाउनका लागि पनि अनुरोध गर्न चाहान्छौ र यसै गरि जसरी कृषिमा पछिल्लो चरण बास्तविक किशान समस्यामा पर्ने, बजार नपाउने विचौलियाहरुले नै कब्जा गर्ने कृषिमा पनि एकदमै बढी दलाली वृद्धि भएको छ । यसलाई पनि कट्रोल गर्ने छ र पहाडी जिल्लामा हामी वीउका हिसाबले पूर्ण रुपमा परनिर्भर देखिन्छौ र विदेशी मुलका वीउ विजनहरुले बजार पाएको देख्दछौ आफ्नो देशको पुरानो पुरातात्यीक महत्व राख्ने वीउ विजनहरु बहिस्कृत भएको देख्छौ यसलाई स्थापित गर्नका लागि आफ्नो मौलिकता झल्काउनका लागि कृषिमा आत्मनिर्भरता बढाउनका लागि र कृषि उन्मुख अर्थतन्त्रलाई बलियो बनाउका लागि यो विधेयक महत्वपूर्ण विधेयक रहेको छ र यो विधेयक सभाबाट समयमै पारित हुने छ भन्ने विश्वासका साथ मेरा भनाई यही राख्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशले वीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्त गरेको छ । यो महत्वपूर्ण विधेयकलाई १ बर्ष २ बर्ष अगाडी ल्याउनु पर्ने थियो तर ढीला आयो ढीला आए पनि स्वागत छ किन भने चाडो आइदिएको भए वीउ चाहि हामीले गत बर्षमा माग्यौ एउटा फल्यो अर्को धान र ती गलत तत्वका विचारधारा राख्ने वीउ विक्रेतालाई हामीले कानूनी कारवाही गर्न सफल हुने थियौ र अबको दिनमा महत्वपूर्ण छ र हाम्रो देश कृषि प्रधान देश हो र हाम्रो प्रदेश भनेको क्षेत्र पनि त्यही कृषि हो कलकारखाना भने पनि त्यही हो बेरोजगारीलाई रोजगार दिने ठाउँ पनि हाम्रो प्रदेशमा हाम्रै क्षेत्रमा भएको हुनाले यसलाई उन्नत जातको वीउ विजनका लागि खाने चिज भन्दा पनि फलफुलका विरुवाहरुलाई पनि उन्नत जातका वीउ विजनमा रुपान्तरण गरेर हाम्रो प्रदेशको उन्नती र प्रगतिका लागि यसले छिटो कानूनको निर्माण गरेर जनसमुदायमा लागु हुने छ भन्ने कुरामा हामी विश्वास गर्दछौ र साथै धेरै कुरा बुदागत रुपमा छलफल नगर्नुपर्ने ठाउँमा सुझावको रुपमा धेरै अनुरोध गर्या छु भर्खरै मात्र हामी धरानमा गयौ रानी कृषि महिला गाउँले संचालन गरेको नेपाललाई हामीले हेर्द खेरीमा उन्नत जातका वीउ विजन लिएर कमसेकम पूर्वाञ्चलतिर चाहि त्यही सहकारी संस्था मार्फत वीउ मगाउने कुरा छ यसमा हामीले ठाउँ भइदिएको भए यस्ता सहकारी संस्था पनि महिलाहरुले निर्माण गरेका यो समिति भित्र समेट्न पाइदियो भने अझै राम्रो हुने थियो भन्ने कुरा विचार राख्दै विदा हुन्छु हवस धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यो सुदूरपश्चिमको हकमा ज्यादै महत्वपूर्ण विधेयक हो किन भने हाम्रो सुदूरपश्चिम प्रदेशमा खास गरेर यो कैलाली र कंचनपुर जिल्लामा करिब करिब हामी सबै किशानै छौ र विभिन्न खालको हामी कृषि पेशामा आवद्ध छौ अब यो हाम्रो प्रदेशले विधेयक ल्यायो यो कानून बन्छ त्यसपछि अलिकति सहजता हुन्छ भन्ने विश्वास मैले राखेको छु किन भने यो म आफै पनि किशान भएको कारणले धेरै पटक वीउ किन्नका लागि तिकुनीया जनु पर्ने इण्डियाको वीउमा निर्भर हुनुपर्ने अवस्था छ अब यो विधेयकमा हाम्रो प्रदेश सरकारले नियन्त्रण गर्छ जस्तो लाग्छ मलाइ इण्डियाबाट आउने र एउटा उन्नत जातको वीउ नेपाल भित्र र हाम्रै प्रदेश भित्र उत्पादन र प्रशोधन गरेर चाहि दिन्छ जस्तो लाग्छ अघी पूर्ववक्ता माननीयज्यूले भन्दै हुनुहुन्थ्यो गत आर्थिकि बर्षमा मैले पनि ठगमा परेको थिए यो गरिमा जातको धान लगाए काट्नै पाएन त्यस्तो नहोस र म आफै किशान भएको कारणले मेरो घरमा मैले भिन्डिको करेलाको काक्राको अनि फर्सिको लौकाको धेरै वीउ म सँग हुन्छ फाल्नु पर्ने हुन्छ त्यो मैले थोरै आफुलाई चाहिने जति लगाउने बाँकी चाहि त्यो फाल्नु पर्ने त्यस्तो नहोस त्यस कारणले यो ज्यादै महत्वपूर्ण विधेयक हो म जस्ता यो सुदूरपश्चिममा यो कैलाली कंचनपुरमा पहाडतिर पनि थुप्रै किशानहरु हुनुहुन्छ होला उहाहरुले चाहि आफुले उत्पादन गरेको वीउ खेरा फाल्न नपरोस प्रयोग होस सदुपयोग होस र यसले गर्दा चाहि हाम्रो सुदूरपश्चिम बासि किशानहरुलाई चाहि उत्साहित बनाउछ कृषि गर्नलाइ त्यस कारणले यो विधेयक ज्यादै महत्वपूर्ण छ अब यसलाई काही कमजोरी छ भने सम्बन्धीत समितिमा पठाएर यसलाई व्यापक छलफल गरेर परिमार्जित गरेर हामी तुरुन्तै चाहि पास गर्नु पर्छ जस्तो लाग्छ त्यस कारणले यो विधेयकको पक्षमा धेरै राम्रो हो यो किशानको लागि हो भन्ने कुरा राख्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**
**"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**
अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

माननीय सभामुख महोदयसुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा , छलफलमा भाग लिनु भएका माननीयहरुलाई सर्वप्रथम त म धन्यवाद दिन चाहान्छु र यो सुदूरपश्चिम प्रदेश वीउ विजन सम्बन्धी विधेयकहरु अहिले हामी कृषिलाई प्रदेशले पनि प्राथमिकता दिएको र त्यस सम्बन्धी वीउहरु हामी कसरी चाहि व्यवस्थापन गर्न सक्ने र अहिले जुन समय र परिस्थिति अनुसार कृषिलाई पनि परिवर्तन गर्दै कृषिलाई नयाँ मोडमा लग्ने र त्यो अनुसार नै किशानले चाहि राखे अनुसार वीउ दिनु पर्ने आवश्यकता र त्यो अनुसार हाम्रो प्रदेश पनि वीउ उत्पादन गर्न सक्ने धेरै सम्भावना हुदा

हुदै पनि एउटा कानूनको जटिलताले हामीले सुचिकृत गर्न नसक्ने अवस्था भएको हुनाले धेरै समस्या त्यो अनुसार नै छलफलमा उठेका विषयबस्तुहरु कृषि प्रधान देशमा धेरै सबै भन्दा महत्व राखेको जुन किशानहरुको मागलाई नै सम्बोधन गर्नु पर्ने र त्यो अनुसार नै हाम्रो प्रदेशमा पनि जो हामीले थुप्रै वीउहरु उत्पादन गरेका छौ तर भण्डारण गृहहरु हामीले सूचिकृत गर्नु पर्ने जुन कानूनमा भएको हुनाले कैयौ किशानहरुले समस्या झेली राखेको र त्यो अनुसार नै यो कानूनमा बुदागत रुपमा आएको छ र यो जुन उठेका विषयबस्तुहरुलाई पनि केही छुटेका छ भने फेरी पनि हामी त्यसमा समावेश गर्ने छौ र विशेष गरेर प्रदेश सरकारको जोड पनि कृषि मन्त्रालयमा बनेका विधेयकमा जुन ऐनमा अहिले सम्मको हामीले हेर्दा खेरी हाम्रो प्रदेश कृषिमा अगाडी बढाउने हो भने गुणास्तरयुक्त वीउहरु हामी उपलब्ध गर्नु पर्छ र उत्पादन गर्नु पर्छ भन्नेमा जोड हो र त्यो अनुसार गरेका छौ । जुन छलफलमा उठेका हाम्रा थुप्रै वीउ आइराखेको समस्या देखिए पछि कारवाही गर्न नसक्ने कारणहरुले गर्दा किसानहरुले झेलिराखेका छन् त्यसको लागि हामीले आफ्नै ठाउँमा हाम्रै आफ्नै प्रदेशमा उत्पादन गर्ने र आफै प्रशोधन गर्ने भन्ने पनि हामी त्यसैमा जोड दिएका छौ र जो अहिले सम्म हामी पनि जुन सहकारी मार्फत थुप्रै वीउ वृद्धि कार्यक्रमहरु हामीले संचालन गरिसकेका छौ । प्रयोगमा आइसकेको छ र हाम्रो प्रदशे लगभग लगभग वीउमा आत्मनिर्भर नै छ अहिले हामीले यो महामारीको अवस्थामा पनि हामी धेरै चिन्तित थियौ तर हाम्रो प्रदेशमा आफै उत्पादन गरेका वीउहरु जो सहकारी मार्फत समुह मार्फत थुप्रै वीउहरु हामी आफै आत्मनिर्भर छौ त्यो अनसार अझ थप व्यवस्थित गर्नकोलागि हामीले कसरी जाने भन्ने उसमा अब कानून बनाएर व्यवस्थित गरेर लग्ने छौ जति यो विषयमा अझै दफावार छलफल भएर यो एकदमै उत्कृष्ट र एउटा जनताको हितमा किशानको हितमा कानून बनाएर हामी छिटो भन्दा छिटो समितिमा गएर छलफल गरेर छिटो भन्दा छिटो पास भए पछि हामी यो कानूलाई व्यवस्थित ढंगले कसरी लग्ने र अबको उसमा सुदूरपश्चिम प्रदेशलाई कृषिमा आत्मनिर्भर हुने गरी र बाहीरबाट आइराखेको वीउलाई विस्थापित गर्दै आफ्नो प्रदेशमा हावा पानी मौसम अनुसार ९ वटै जिल्लामा भण्डारण गृह लगायत प्रशोधन सहितको स्थापना गरेर वीउमा आत्मनिर्भर हुने गरी नै लग्ने छौ जति महत्वपूर्ण सुझावहरु आएको छ यो सुझावलाई कानूनमा हामीले समावेश गरेर त्यो अनुसार नै अझै छलफल गरेर यो प्रदेशको किशानको हितमा यो कानूनलाई लग्ने छौ र त्यो अनुसार व्यवहारिक रुपमा किशानकोमा लग्नेछौ भन्ने कुरा राख्दै र थप चाहि हामी सबैले यो अनुसारनै जानको लागि जो अब छलफल हुन्छ त्यो आउने छ र लग्नेछौ भन्ने कुरा गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्री माननीय विनिता देवी चौधरीलाई**सुदूरपश्चिम प्रदेशको " "वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक** लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयको  १०८ को नियम २०७४ ,सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली , को खण्ड १ उपनियम(कबमोजिम सुदूरपश्चिम प्रदेशको वीउ ( विजन सम्बन्धी व्यवस्था गर्न बनेको

विधेयक लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म ,भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरी ,ले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम"प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **सुदूरपश्चिम" प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयसुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको , २०७४ ,विधेयक माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

अब म **सुदूरपश्चिम"प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम"प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय अमर बहादुर साउँदलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालयद्वार सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक हाम्रो सुदूरपश्चिम प्रदेश सभाको सातौ अधिवेशनको दोस्रो बैठकमा सामान्य छलफलका लागि प्रस्ताव पेश गर्नु भएको छ यसका लागि म माननीय मन्त्रीज्यूलाई र सुदूरपश्चिम प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । हाम्रो देश नितान्त कृषि प्रदान देश त्यसमा पनि सुदूरपश्चिम प्रदेश हाम्रो क्षेत्र झनै अधिकांस किसानहरु कृषिमा आधारित छन् र सबैको आर्थिक र जीविको पार्जन कृषिमा निर्भर छ यसै सन्दर्भलाई प्राथमिकता दिनको लागि यस क्षेत्रका कृषक दाजुभाइहरुको जिविको पार्जनका लागि कृषिलाई र पशुपालन व्यवसायलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न योगदान पुग्ने हिसाबले जुन दुग्ध विकास बोर्डको स्थापना र व्यवस्था गर्नका लागि मातहतका मन्त्रालयले अथवा भूमि व्यवस्था तथा कृषि मन्त्रालयद्वारा जुन विधेयक ल्याइएको छ यो अत्यन्त राम्रो र यसले यो क्षेत्रका कृषकहरुको आर्थिक उन्नतीमा पक्कै पनि टेवा दिने हामीले विश्वास गरेका छौ साथै हामीले एउटा हामीले यसरी कृषकहरुके हक हितका लागि विभिन्न खालका ऐन कानूनहरु बनाइरहदा भखरै संघीय सरकारले कृषि क्षेत्रमा बैदेशिक लगानी अथवा बहुराष्ट्रिय कम्पनीलाई भित्राउने जुन यो देशका कृषकहरुको अहित हुने गरि जुन ऐन ल्याएको छ त्यो जुन प्रावधान संघीय सरकारले ल्याएको छ यसको म यहा घोर भत्सना गर्न चाहान्छु यसको म विरोध गर्न चाहान्छु किन भने हाम्रो देशमा हामी एकातिर कृषकहरुलाई कसरी हाम्रो सानो क्षेत्रमा परम्परागत हिसाबले कृषिलाई त्यति आधुनिकिकरण र व्यवसायीकरण गर्न नसकेको परिपेच्छेमा विदेशी कम्पनी अथवा विदेशी लगानीकर्ताहरु यो देशमा हाम्रो सुदूरपश्चिमकै हकमा हामी एउटा मुल्यांकन गरौ त्यस्ता विदेशी कम्पनीहरु यहा आउदा हाम्रा सामान्य वीउ विजन दुध दही अथवा तरकारी फलफुल सामान्य हिसाबले उत्पादन गर्ने कृषकहरुको अवस्था के होला यो हामीले अलिकति मनन गर्न योग्य छ माननीय सभामुख महोदय त्यसैले यो जुन हाम्रो सुदूरपश्चिम प्रदेशमा दुग्ध विकास बोर्ड गठन गर्ने र यसको स्थापना गर्ने

कुरालाई हामीले अझै पनि यसको विषयगत समितिमा व्यापक दफावार छलफल गर्न आवश्यक छ यसलाई कृषकको हक हितमा यहाको कृषि अथवा दुग्ध क्षेत्रमा उत्पादनलाई कसरी वृद्धि गर्ने त्यसको ओसार पसार भण्डारण र प्रशोधन कसरी गरेर यो क्षेत्रकका कृषिकहरुको आर्थिक टेवा दिन सकिन्छ यो विषयमा सम्बन्धीत सबै सरोकारवाला, विज्ञहरु, मातहतका कार्यालयहरु र मन्त्रालय समग्र सुदूरपश्चिम प्रदेश सरकार र प्रदेश सभा सबैले हामीले यसमा गहन छलफल गरेर यसमा के कसरी यो बोर्ड गठन गर्ने विषयहरु र यसका पदाधिकारी र अन्य यसमा राख्नु पर्ने प्रावधानहरु के हुन सक्छन यी विषयमा पनि हामीले गहन रुपमा दफावार रुपमा सम्बन्धीत समितिमा अथवा विषयगत समितिमा छलफल गर्ने नै छौ तर यो विधेयक यसरी आज सातौ अधिवेशन सम्म ढीला हुनु थिएन तर पनि विविध कारणले यो विधेयक आउन ढीलो भएको छ यो विधेयकका कारणले थुप्रै विगतका दुइतीन आर्थिक बर्षमा हाम्रा यो क्षेत्रका किशान दाजुभाइहरुले जुन प्रदेश सरकारको सम्बन्धीत मन्त्रालयबाट लिने लाभ र दुग्ध बोर्डको स्थापना र आफुलाई दुग्ध क्षेत्रमा व्यवसायीकरण गर्ने जुन कुराबाट बञ्छित भएकाछन् अब यसलाई हामीले ढलो नगरी यथाशिघ्र यसलाई दफावार छलफल गरेर तुरुन्तै पास गरेर यसलाई अगाडी बढाउने विश्वासका साथ म आफ्ना भनाई यही राख्ने अनुमति चाहान्छु हवस त धन्यवाद ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय, सर्वप्रथम सातौ अधिवेशनको पूर्ण सफलताको कामना गर्न चाहान्छु र नेपाल कम्युनिष्ट पार्टी नेकपा सुदूरपश्चिम प्रदेश संसदीय दलका सचेतक माननीय अक्कल रावलको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक २०७७ सदन समक्ष सैद्धान्तिक छलफलका लागि प्रस्तुत भएको छ । सर्वप्रथम ढीलै भए पनि यो विधेयक प्रस्तुतकर्ता माननीय मन्त्रीज्यू र मन्त्रालयलाई म धन्यवाद दिन चाहान्छु । पोषणका दृष्टीले नवजात शिशु देखि लिएर वृद्ध वृद्धा सम्म विरामी देखि लिएर मृत्यूपर्यन्त गरिने कर्मसम्म र सबै क्षेत्रमा प्रयोग हुने दुग्धजन्य पदार्थहरु हामी नेपाली संस्कृतिमा अत्यन्त महत्वपूर्ण परिकारको रुपमा आउछ र यसमा प्रत्यक्ष रुपमा किशानहरु संलग्न हुन्छन् हामीले बोर्डको गठन गर्ने किसिमका कुराहरु यहा परिकल्पना गरेका छौ छरिएर रहेका किशानहरु एउटा निर्वाहमुखी कृषि गरिरहेका किशानहरुलाइ व्यवसायीमुखीका लागि दुग्ध विकास बोर्डको अपरिहार्य थियो ढीलै भए पनि यो व्यवस्थापनको लागि यो विधेयक आएको छ । बास्तवमा प्रदेशको अर्थतन्त्र बलियो बनाउने हो । प्रदेशको अर्थतन्त्र मार्फत राष्ट्रको अर्थतन्त्र निर्माण गर्नमा हामीले योगदान गर्ने हो भने यो विधेयक ढीलो थियो अझै पनि हामीले किशानको सशक्तिकरण गर्नको लागि यो विधेयक अत्यन्त महत्वपूर्ण छ यसमा हामीले यो बोर्ड गठन गर्दा खेरी केवल बोर्डमा कस्ता खालका मान्छेहरुलाई राख्ने कति जना मान्छेहरुले यसमा बसिसकेपछि त्यो कुराहरु गर्छौ भन्ने कुरा भन्दा पनि तल्लो बर्गको किशानलाई बढीसे बढी लाभ हुने गरिकन बर्गिय हिसाबले पछाडि परेका र कुनै किसिमले अवसरहरु नपाएका अथवा आफ्नो टेक्ने ठाउँ पनि नभएका मान्छेहरुलाई सबै भन्दा पहिलो प्राइरिटी सबै भन्दा पहिलो इन्सेन्टीभ दिएर ती मान्छेहरुलाई उत्पादनमा पुर्याउने किसिमको लक्ष्य यसले राख्नु पर्छ त्यस्तो खालका भिजन भएका मान्छेहरुलाई ल्याउनु पर्छ भन्ने मलाई लाग्दछ । हामीले नेपालगन्जमा धेरै मान्छेहरुले देख्या छौ एउटा

रावडि पसल थियो रावडी बनाउने मिठाइबाट बन्ने परिकार त्यो परिकार खानको लागि साझ पख्ख जाने हो भने ४ बजे देखि बेलुका ८-९ बजे सम्म भिडले उपभोग गर्न पाउदैनथियौ त्यतिधैरै ठुलो महत्व थियो त्यसको त्यसैले गर्दाखेरी यस्ता खालका विशिष्ट प्रकारका उत्पादनहरु जो मान्छेहरुले बढी रुचाउछन, बढी मन पराउछन् यस्ता देखि लिएर हाम्रा परम्परागत उत्पादनहरु दुधबाट हुने उत्पादनलाई बढी महत्व दिएर यो गर्न सक्ने क्षमता भएको त्यस्तो खालको दृष्टीकोण भएको मान्छेहरु यसमा आउनु पर्ने जस्तो मलाई लाग्दछ र दुधजन्य उत्पादनबाट हामीले सुदूरपश्चिमलाई एउटा ब्राण्ड दिन सक्यौ भने यसले चाहि छुट्टै किसिमको महत्व राख्छ भन्ने मलाई लाग्दछ । समितिमा जादा खेरी पनि यसमा यसो हेर्दा हेरी यो समिति यद्यपी यो सैद्धान्तीक छलफल मात्रै छ यसमा भन्न पाइन्छ हामीले यहा यो प्रस्तावनामा राख्दा खेरी बर्गिय दृष्टीकोण सहित कस्तो उत्थान गर्नका लागि भन्ने हामीले गर्या छैनौ त्यो वर्गको उत्थान गर्नको लागि भनेर किटान गरिदियो भने हामीले यो क्षेत्रका कृषिमा व्यवसायीकरण गर्न चाहाने तर त्यो खालको पहुच नभएका मान्छेलाई पहिलव प्राइयोरिटी दिन सक्थ्यौ भन्ने मलाई लाग्दछ यो बोर्डमा हेर्दा खेरी सरसरती सबै मान्छेहरु उपभोक्ता छन् जस्तो लाग्छ म पनि उपभोक्ता मन्त्रीज्यू पनि त्यो व्यवसायमा संलग्न हुनुहुन्न साहेद उहा पनि उपभोग्ता हो त्यसैले त्यो उत्पादकत्वको तर्फबाट त्यो बस्ने किसिमको व्यवस्था भयो भने यसले बढी त्यो सबै खालको मर्म बोक्न सक्छ भन्ने मलाई लाग्दछ अन्त्यमा यो समाजवादमा जाने लक्ष्य हामीले लिएका हौ । समाजवादउन्मुख प्रदेश निर्माण अथवा राष्ट्र निर्माण गर्न हामीले खोजेका हौ भने यसको किशानहरुको सशक्तिकरणका कार्यक्रम पनि यो बोर्डले बोर्डमा बस्ने मानिसहरुले त्यो खालको किसानको सशक्तिकरणको कार्यक्रम पनि ल्याउनु पर्छ र दुधको उत्पादन मात्रै भएर हुदैन दुधको विक्रि वितरण त्यसको कलेक्सन लगायतको कुराहरुमा ठाउँ ठाउँमा भण्डारण गर्ने देखि लिएर किसानहरुले सहज पहुच हुने गरि त्यसको ओसार पसार गर्ने कुराहरु देखि लिएर सबै खालको कुराहरुमा हामीले यसमा ध्यान दिन सक्छौ भन्ने मलाई लाग्दछ र यो हरेक खालका एउटा मुलुकको संविधान समावेशीकरण र यसले चाहि समानतालाई यसले महत्वपूर्ण रुपमा राख्दछ यसले धेरै खालका समितिहरु चाहि समावेशी समानुपातिक खालका समितिहरु निर्माण हुनुपर्छ भन्ने कुरा म राख्न चाहान्छु र यो डेरी संचालन हुने वित्तीकै विशेष गरिकन यसले जातिय असमानताहरु विगत देखि नै जुन चाहि छुवाछुत लगायतका कुराहरु यो हामीले कलेक्सन सेन्टरहरुमा त्यस्तो किसिमको विभेदहरु भएका थिए त्यस्तो विभेदको अन्त्य गर्नको लागि पनि यो बोर्डमा बस्ने मान्छेहरु वरिन्टेसन लिएका मान्छेहरु हुनुपर्नेछ भन्ने कुरा राख्दै आफ्ना भनाई यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, सर्वप्रथम यो सातौ अधिवेशनको पूर्ण सफलताको कामना गर्न चाहान्छु र बैतडी जिल्लाको डिलासैनीमा जुन नेपाली कांग्रेसको कार्यक्रममा सुनियोजित ढंगले असंवैधानिक मतियारका जुन झोल बोकुवाहरुले घटनालाई अतिक्रमण गरेका छन् त्यो घटना घटाएका छन् त्यसको घोर विरोध गर्न चाहान्छु र त्यस घटनामा नेपाली कांग्रेसमा केन्द्रीय सदस्य द्वय एनपी साउँद, डिला संग्रौला र त्यहा जिल्ला पार्टी सभापति नरेन्द्र जंग थापा, ने.वि. संघका पूर्व अध्यक्ष ऐन सिंह महर लगायतका कार्यकर्ता घाइते भएका छन् तीनको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । माननीय

सभामुख महोदय यो कानूनी राज्य हो त्यस कारणले त्यो घटनाका दोषिहरुलाई पक्राउ गरि तत्काल कारवाही गरिनु पर्छ भन्ने मेरो माग रहेको छ । माननीय सभामुख महोदय हुन त हाम्रो मुलुकमा दुधशालाको नामबाट विक्रम सम्वत २००९ साल देखि दुग्ध विकास संस्थानको स्थापना भएको देखिन्छ र समय सापेक्ष समय अनुकुल विकसित हुदै २०२६ सालमा दुग्ध विकास बोर्डको गठन भएर २०२६ सालमै श्रावण महिनामै यसको दुग्ध विकास संस्थानको नाममा विधिवत स्थापना भएको हो र अहिले सम्म यो मुलुकमा करिब ८ वटा परियोजनाहरु यसबाट संचालित छन् र यसका साथ साथै यसमा अन्य संस्थाहरु मार्फत पनि दुध विकासको व्यवस्थापन, वितरण आदी कामहरु भैराखेको छ र पनि अझै हाम्रो जस्तो सुदूरपश्चिम जस्तो पिछडिएको क्षेत्रमा र हाम्रो कृषि प्रधान मुलुक भएको हुनाले पशुपालन क्षेत्र पनि हाम्रो कृषिको अभिन्न अंग भएको हुनाले यसको व्यवस्थापन पक्ष अझै बलियो भयो भने कृषिमा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न सकिन्छ यसबाट बेरोजगारीको समस्या समाधान गर्न सकिन्छ त्यस कारणले जुन यो प्रदेश सरकारले सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक जुन पेश गरेको छ एददम स्वागतयोग्य हो र यसले अहम भूमिका खेल्ने छ भन्ने मेरो विश्वास छ र यसले हरेक क्षेत्रको सहभागितामा चाहे त्यो सरकारी होस चाहे त्यो सहकारी होस चाहे नीजि क्षेत्र होस सबै क्षेत्रलाई प्रोत्साहित गरेर दुग्धजन्य पदार्थको उत्पादन प्रशोधन र वितरण र यसको भण्डारणको विषयमा यसको यो सम्बन्धीत कुराहरुको अध्ययन अनुसन्धान र प्रविधि लगायतका कुराहरुलाई चाहि यसले यो विधेयकबाट टेवा मिल्ने छ र यो प्रदेशले चाहि ६आत्मनिर्भर हामीले चाहि कता कता सुन्ने गरेका छौ कहिले काही दुधले मुल्य पाएको हुदैन काही चाहि किसानहरुले सडकमै दुध पोखरेर यसको विरोध गरेको देखिन्छ यसको भण्डारणको व्यवस्था हुन सकेको छैन र किसानले पनि मन मारेर यो पशुपालनको क्षेत्रमा लागेको देखिन्छ त्यस कारणले यो व्यवसायीक हिसाबले पनि यसलाई अघी बढाउनको लागि यो विधेयकले महत्वपूर्ण भूमिका खेल्ने छ र यस कारणले बेरोजगारीको क्षेत्रलाई पनि समेट्दै हाम्रो जस्तो पिछडिएको र कृषिमा बढी आश्रीत भएको हुनाले हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाउनको लागि आर्थिक अवस्था सुदृढ गर्नको लागि यसले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने मलाई लागेको छ र यो विधेयकलाई अझै परिस्कृत गर्नको लागि दफावार छलफल गरेर यसलाई छिटो भन्दा छिटो यसलाई पारित गरि यो विधेयक मात्रै बनाएर भएन हामीले धेरै विधेयक बनाइ सक्यौ यसलाई समयमै अली छिटो छरितो सरकारले लागु गरोस भन्ने माग राख्दै आफ्नो भनाई यही राख्न चाहान्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सातौ अधिवेशनको सफलताको कामना गर्न चाहान्छु र सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो ढीलै आएपनि खुशी लागेको छ यो विधेयक चाडै नै आउनु पर्ने थियो तीन बर्ष काटी सक्यो चौथो बर्षमा तेस्रो बर्षमा यो विधेयक आएको छ त्यही पनि खुशी लागेको छ किन भन्दा खेरी यो विधेयकले गरिब किशानहरुलाई एकदमै टेवा पुर्याउने छ । यो विधेयक खास गरेर गरिब किसानहरुको मेरुदण्ड नै दुध उत्पादनको आधार पनि हो यो विधेयक त्यस कारणले यो विधेयकले एकदमै गरिब किसान यो कृषि

प्रधान भएको देश अनि अरु देश भन्दा पनि एकदमै कृषिमा आधारित भएको देश र यो विधेयकले अहिले सम्म हामीले जुन विदेशबाट जस्तै हाम्रो नजिकै इण्डियाको दुधहरु अनि त्यसका दुधका परिकारहरु पनि धेरै देशमा भित्रिने गरेको छ तपाइहरुले ख्याल गर्नु भएको होला यो तिहारको बेलामा तिहारको बेलाम एकदमै नाकाहरुबाट दुग्धजन्य पदार्थहरु मिठाइहरु सुदूरपश्चिम प्रदेश र देशैभरी भित्रिएको हामीले देख्छौ त्यस कारण त्यसबाट पनि विदेशका मिठाइहरुबाट पनि परिकारहरुबाट पनि बच्नको लागि यो विधेयक एकदमै महन्वपूर्ण विधेयक हो अब विकेयध बनाएर मात्रै हुदैन विधेयकलाई हामीले कार्यान्वयनतिर लग्नु पर्छ हामीले थुप्रै विधेयक बनायौ तर ती विधेयकहरु सबै दराजमा थन्किएको जस्तो मलाई लागिराछ त्यो दराजमा हामी नथन्काउ हामी कार्यान्वयनतिर लौ यो महत्वपूर्ण विधेयक हो यो विधेयकले जस्तै बोर्डको चाहि कुरा आएको छ बोर्डमा चाहि हामी आफै मैले धेरै विधेयकहरु देखेको छु विधेयकमा चाहि एउटा मन्त्रिमण्डल हाम्रो छदैछ अर्कोपनि मन्त्रिमण्डल त्यहा तयार हुन्छ त्यस्तो नहोस र चाहि खास गरेर यो बोर्डमा किसानहरुले बस्न पाउनु पर्छ किन भन्दा खेरी आफ्नो उत्पादन गरेको दुधको मुल्य उहाहरुले आफैले निर्धारण गर्न पाउँनु पर्छ मेरो मान्यता छ र अहिले सम्म हामीले जस्तै घरमा भैसी त हामी पालिराछौ आफ्नो बालबच्चाहरुको लागि एउटा दुइवटा भैसी पालिराछौ तर यो विधेयकले एकदमै हामीलाई सहज बनाएको छ किन भन्दा खेरी यसले नश्ल उन्नत जातका गाइभैसीहरु चाहि पाल्ने र एउटा व्यवसायीको रुपमा चाहि हामीले पालेर अगाडी बढ्नुपर्छ यो विधेयकले हामीलाई टेवा पुर्याएको छ सहयोग गर्ने छ र यी फर्मर समुह व्यक्तिगत सहकारीहरु छन् समुहहरु छन् थुप्रै फार्महरु छन् ती किसानहरुलाई हामीले यो सुदूरपश्चिम प्रदेश सरकारले हाम्रो कृषि मन्त्रालयले ऋण सहज रुपले उपलब्ध गराउनु पर्छ भन्न म चाहान्छु र यो विधेयक दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस भन्न चाहान्छु अनि दोस्रो कुरा जुन हाम्रो अहिले भागरथी भट्ट प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र परिवारप्रति समवेदना प्रकट गर्न चाहान्छु यो एकदमै दुखद घटना हो यो दुखद घटना हाम्रा कलिला छोरीहरुलाई कलिला मुनाहरुलाई सधै दिन एकदमै टिप्ने एकदमै निमोठ्ने जुन काम गरिएको छ त्यसको म घोर भत्सना गर्न चाहान्छू अहिले जुन माननीय मन्त्रीज्यूले भनेर जानु भा छ यस्ता थुप्रै दुखद घटनाहरुलाई हामीले सहयोग गर्दै आएका छौ माननीय मन्त्रीज्यू त्यो ५ लाख सहयोग गरेर आमाको कोख के भरियो त ५ लाख ले आमाहरुको अनि आमाको कोख रित्तिएको छ हामी छोरी बेटी गुमाएका छौ आफ्ना छोरीहरुलाई त्यो ५ लाखले चाहि हाम्रो कोख भरिएन त्यो चाहि हाम्रो कोख रित्तीएको छ माननीयमन्त्रीज्यू त्यस कारण तपाइमा यो सुदूपश्चिम प्रदेश सरकारमा यो चाहि कडा भन्दा कडा कारवाही गर्नको लागि अधिकार छैन जस्तो मैले बुझेको छु त्यस कारण म माननीय मन्त्रीज्यूलाई म आग्रह गर्न चाहान्छु यो एउटा प्रोत्साहन गर्नु भा को छ ५ लाख त्यो राम्रो हो तर चाहि हामीले छोरी पाएका छैनौ हामीले छोरी गुमाएका छौ आमाको कोख रित्तीएको छ यसको लागि कडा भन्दा कडा कारवाही गर्नको लागि संघीय सरकारसँग तपाइ अधिकार माग्नुस अधिकार मागेर कडा भन्दा कडा कारवाही गर्नुस अनि यदी चाहि संघीय सरकारमा पनि कडा भन्दा कडा सजाय गर्ने अधिकार छैन भने संविधान संशोधन गर्नुस किन संविधान संशोधन गर्नुहुन्न आफ्नो अधिकारको लागि चाहि आफ्नो भागबन्डाको लागि आफ्नो भाइभाइ लडाइको लागि तपाइहरुले झगडा गर्ने लडाइ गर्ने तर चाहि यी कलिला मुनाहरुलाई टिपेर लग्ने आमाको कोख रित्तो गर्ने यी अपराधी यी हत्यारा पापीहरुलाई चाहि मृत्यूदण्डको सजाय हुनुपर्छ संविधान

संशोधन भएर पनि मृत्यूदण्डको सजाय होस म जोडदारसँग माग गर्न चाहान्छु मेरो पार्टीको पनि माग छ मेरो व्यक्तिगत पनि माग छ मेरो जनता समाजवादी पार्टीको पनि माग छ भन्दै म विदा हुन्छु नमस्कार

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदयसामान्य छलफल विधेयकमा सहभागि माननीयज्यूहरुमा सर्वप्रथम त धन्यवाद , दिन चाहान्छु महत्वपूर्ण सुझावहरु र अझै विधेयकमा समावेश गर्ने बुदाहरु दिनु भएकोमा र यो हामी हाम्रो प्रदेशमा यो कृषिलाई र कृषिपेशामा लागेका कृषकहरुलाई व्यवसायी तर्फ लग्नको लागि संस्थागत विकास नगर्दा सम्म र छरिएर रहेका किशानहरुको लागि हामीले सबै सँग सहकार्य गरेर जानुपर्ने अत्यावश्यकता भएको हुनाले सरकारी सहकारी सामुदायीक र नीजि क्षेत्रसँग पनि साझेदारी दिगो रुपमा कसरी लग्न सकिन्छ भन्ने यो विधेयकमा थुप्रै किसानहरुको हितमा नै बुदाहरु आएको छ र यो छलफलमा उठेका विषयहरु प्रत्यक्ष हाम्रा कृषि प्रदान देशमा किशानहरुलाई लाभ हुने गरी विशेष गरेर किसानहरुलाई सजिलो तरिकाले सहज तरिकाले जुन सुविधाहरु पावस भन्ने व्यवस्था हुनुपर्छ भन्ने जोडदार विषयबस्तु उठेको छ त्यसमा मलाई लाग्छ बुदागत रुपमा धेरै विषयबस्तुहरु समेटिएको छ र हाम्रो दद्देश्य लक्ष्य पनि त्यही हो हाम्रो सुदूरपश्चिम प्रदेशमा जो गरिराखेका किसानहरुलाइ व्यवसाय र आधुनिकरणतिर लगेर त्यो व्यवसायीक रुपमा कम्तीमा पनि आत्मनिर्भर रोजगारी सृजना हुने गरिनै हामीले जानु पर्छ भनेर त्यही अनुसार जाने छौ र हाम्रा थुप्रै बनेका कानूनहरु जो हाम्रो किसानहरुलाई समावेश गर्नु पर्ने र प्रत्यक्ष जो सम्बन्धीत लक्षित बर्ग हो त्यो कतिपय ठाउँमा त्यो छुट्न जान्छ र त्यो अनुसार हरेक ठाउँमा जस्तै मानौ बनेका कानूहरुमा जो अहिले अब हामीले विगतको दिनम थियो र अब प्रदेश सरकारको जो दुर्द विकास बोर्डमा अथवा यो विधेयकमा कम्तीमा लक्षित बर्ग किसानलाई समेट्नु पर्छ भन्ने आएको छ त्यो जहासम्म समेट्ने प्रयास बुदागत रुपमा आएको छ र फेरी पनि छुटेको छ भने दफावार छलफल हुन्छ र त्यसमा समेट्ने प्रयास गर्ने छौ र त्यो अनुसार नै सबैलाई प्रतिनिधित्व हुने गरी यो कानूनहरुलाई प्रदेशमा लाग्ने छौ र एउटा किसानहरुको थुप्रै समस्याहरु छ जस्तै हामीले उत्पादन गरेका दुधहरु गर्न सकेका छैनौ त्यसैले हामी कसरी जाने त अहिले हामीले दुधहरु प्रयोग सामान्य उसमा गरिराखका छौ तर थुप्रै खालका परिकार हामी उत्पादन गर्न सकेका छैनौ त्यही भएर दुग्ध विकास गठन गरेर त्यही मार्फत सहकारीहरु छन् त्यो सहकारीले पनि उद्योग खोल्न सक्छ त्यो मार्फत नै यहाका उत्पादनहरुलाई यहाका व्यवसायिक रुपमा गरेका किसानहरुको दुधलाई संकलन गरेर गर्न सकिन्छ थुप्रैकुरा हामीले यहा उत्पादन गर्ने जुन छलफलमा पनि उठ्यो जुन मिठाइहरु भयो खोयाहरु छुर्पीहरु लगायत थुप्रै परिकार हामी बनाउन सकेका छैनौ त्यही भएर किसानहरुले उत्पादन गरेका

दुधहरु खेरा फल्ने कम्तीमा हामीले संस्थान मार्फत सहकारी मार्फत थुप्रै उद्योग खोल्न सक्छौ त्यो अनुसार नै समावेश गरिएको छ कतिपय चिजहरु यसमा छलफल गरेर समावेश गर्ने छौ र जुन किसानहरुलाई व्यवासायी गर्नको लागि जो किसानहरुलाई हामीले ऋणमा पनि सहुलियत गर्नु पर्छ भन्ने उसमा साहेद विधेयकको बुदामा पनि छ र यो विषयहरु हामी यो बर्षबाट शुरुवात गरिसकेका छौ हाम्रो स्वरोजगार कोषका जुन कार्यक्रमहरु छ त्यो मार्फत हामीले विना धितो किसानहरुलाई दिने र प्रत्यक्ष कृषि मन्त्रालय अन्तरगतमा हामीले मा अनुदान भनेर हामीले कृषि विकास बैंक सँग सम्झौता ... गरिसकेका छौ कम्तीम कृषकहरुको लागि उहाहरुलाई व्याजमा अनुदान उहाहरुको सहुलियत गर्नको लागि हामीले शुरुवात गरिसकेका छौ र यो विधेकमा पनि छ अब हामीले हाम्रा युवाहरुलाई यहा रोक्ने हो हाम्रा युवाहरुलाई किन त रोजगारी सृजना गर्नको लागि हामी राज्यले हाम्रो प्रदेश सरकारले केही गर्न सकेनौ भने थुप्रै युवाहरु गर्न चाहादा चाहादै पनि वेरोजगार छन् कृषिमा विशेष लगानी गर्नु पर्छ र कृषिबाटै उद्योगहरु स्थापना गरेर उहाहरुलाई रोजगारीतिर व्यवस्थित गर्नको लागि विशेष जस्तै मानौ यही विधेयक भित्रै थुप्रै विषय छ थुप्रै उद्योगहरु खोलेर त्यहा युवाहरुलाई जोड्ने त्यसरी गरेका छौ र फेरी पनि यो विधेयकलाई अझ दफावार छलफल गरेर अझ प्रदेशमा यो विधेयक बनाएर अझै किसानहरुलाई लाभ हुने गरी जुन हामीले यो विधेयकलाई छिटो भन्दा छिटो पास गराएर प्रदेशमा लागु गर्ने छौ अन्तिममा म छलफलमा भागलिनुहुने माननीयहरुको महत्वपूर्ण सूझाव आएको छ त्यो सुझावलाई यो विधेयकमा समावेश गरेर त्यो अनुसार नै हाम्रो सुदूरपश्चिम प्रदेशको आर्थिक रुपमा टेवा पुग्ने गरी प्रत्यक्ष युवाहरुलाई रोजगारी सृजना गर्ने गरी नै किसानहरुलाई लाभ हुने गरि हामी यो कानून लागु गर्ने छौ भन्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्री माननीय विनिता देवी चौधरीलाई **सुदूरपश्चिम" प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयको १०८ को नियम २०७४ ,सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली , को खण्ड १ उपनियम(खबमोजिम सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न ( बनेको विधेयकलाई दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्री माननीय विनिता देवी चौधरीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम"प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**सुदूरपश्चिम"प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल फाल्गुन १० गते सोमबार दिउँसो ०१ ००: बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।